# यूरोपियन लगानी बैंकले अनिवार्य रुपमा वार्ता अगाडी बढाउनु पर्दछ र लमजुङ्ग जिल्ला (नेपाल)का समुदायप्रति भएको हिंसामा शून्य सहनशीलताको नीतिलाई कायम राख्नुपर्दछ

FPIC तथा अधिकार मञ्च (FPIC and Rights Forum), LAHURNIP र Accountability Counsel

काठमाडौं, सन् २०२२ मे १७

नेपालको लमजुङ्ग जिल्लामा सञ्चालित मर्स्याङ्दी कोरिडोर २२० के.भी. विद्युत प्रशारण लाईन परियोजनाबाट प्रभावित भएका आदिवासी एवं स्थानीय समुदायहरुको सञ्जाल FPIC तथा अधिकार मञ्च (FPIC and Rights Forum) का सदस्यहरुले यूरोपियन लगानी बैंक (EIB) लाई परियोजनासँग सम्बन्धित मानव अधिकार उल्लङ्घनका घटनाहरुलाई नजरअन्दाज नगर्न तथा सुरक्षा एवं दिगो विकासका सम्बन्धमा आफ्ना प्रतिवद्धताको पालना गर्नका लागि माग गरेकाछन्।

प्रशारण लाईनबाट प्रभावित समुदायका सदस्यहरुले उक्त परियोजनाको कार्यान्वयनकर्ता अर्थात नेपाल विद्युत प्राधिकरण (NEA) तथा लगानीकर्ता अर्थात् यूरोपियन लगानी बैंक (EIB) समक्ष मर्स्याङ्दी कोरिडोर २२० के.भी. विद्युत प्रशारण लाईन परियोजनाले आफ्ना मानव अधिकार तथा वातावरणको अधिकारको उल्लङ्घन गरेको कुरा बर्षौं अगाडीदेखि भन्दै आएका थिए। उनीहरुको सवाललाई सुन्ने एवं तीनको सम्बोधन गर्नुको सट्टा NEA ले समुदायमाथि नै जबरजस्ती गरेका छ भने EIB ले यथोचित रुपमा त्यसलाई सम्बोधन गर्न चुकेको छ।

## घटनाको पृष्ठभूमी

सन् २०१८ मा समुदायका सदस्यहरुले EIB को जवाफदेहीता कार्यालय (Accountability Office) गुनासो सुन्ने संयन्त्र (EIB-CM) मा आफ्नो क्षेत्रको पर्यावरण र जिविकोपार्जनमा परेका प्रतिकूल प्रभावहरु उल्लेख गरी एक उजुरी दर्ता गरेका थिए । सन् २०२१ अप्रिलमा EIB-CM ले त्यसउपर अनुसन्धान र निश्कर्ष अन्तर्गत परियोजनाले EIB को आफ्नै सामाजिक एवं वातावरणीय सुरक्षाको उल्लंघन गरेको- अपर्याप्त सूचना प्रकाशन गरेको, प्रभावित समुदायहरुसँग अपर्याप्त रुपमा सार्वजनिक परामर्श गरेको एवं आदिवासी समुदायहरुसँग स्वतन्त्र अग्रीम जनाकारी सहितको मञ्जुरी लिएको प्रमाण नभएका कुरा ठहर गर्दै EIB एवं NEA दुवैलाई त्यस्ता अवज्ञाको सम्बोधन गर्नका लागि सुझाव दियो।

सन् २०२२ अप्रिल महिना अर्थात् अनुसन्धान र निश्कर्ष प्रतिवेदन प्रकाशित भएको एक वर्षपछि सुधारात्मक कदम चाल्नुको सट्टा NEA ले सुरक्षाकर्मीहरू र हिंसात्मक दमनको प्रयोग गर्दै प्रशारण लाईनको निर्माण सुचारु गर्यो। अप्रिल महिनाको अन्तिम हप्ता र मे महिनाको पहिलो हप्तातिर FPIC अधिकार मञ्च (Rights Forum) ले लमजुङ्ग जिल्लाको दोर्दी गाउँपालिका वडा नं. १ र वडा नं. २ का समुदायका सदस्यहरुमाथि भएका जबर्जस्ती, भौतिक आक्रमण एवं पक्राउका थुप्रै घटनाहरुका सम्बन्धमा रिपोर्ट गर्यो।

## लमजुङ्गमा भएका घटनाहरुः प्रतिहिंसालाई तीव्रता दिदैं

सन् २०२२ अप्रिल २७ का दिन NEA पदाधिकारी र करिब ३० को सङ्ख्यामा रहेका सुरक्षाकर्मीबाट श्री पवित्रा थापा, जो एक एकल महिलाका साथसाथै चारवटा बच्चाकी आमा पनि हुन, निजको मञ्जुरीबीना निजको जमीनमा रहेको प्रशारण टावरमा तार टाँग्ने काम भयो। जब पवित्रा र समुदायका अन्य सदस्यहरुले NEA का पदाधिकारीहरुले निजको जमिनमा गरेका कार्यका विरुद्ध शान्तिपूर्ण रुपमा विरोध गरे, निजलाई प्रहरीबाट खुट्टाहरुमा निलडाम हुने गरी निर्घात रुपमा कुटपीट गरियो ।

सन् २०२२ मे १, जब समुदायले NEA ले जबरजस्ती गरेको निर्माण कार्यको विरोध जारी राख्यो, प्रहरीले पवित्रा थापालगायत चार जना समुदायका सदस्यहरुलाई पक्राउ गर्यो। प्रहरीको गाडीमा राख्ने बेलामा पुनः निजहरूमाथि निर्घात रुपमा कुटपिट गरियो। पक्राउ पर्नेमध्ये एक जना निज पवित्राको छोरा मात्र १७ वर्षका हुनुहुन्छ। प्रहरीले ती चारजना व्यक्तिहरुमाथि प्रशारण लाईनको निर्माणमा अवरोध पुर्याएको आरोप लगाएको छ। प्रहरी हिरासतमा रहँदा ती चारै जनालाई प्रशारण लाईनका विरुद्ध विरोध नगर्ने भनी जबरजस्ती कागजमा सही गर्न लगाईएको थियो भने यदि विरोध गरेमा थप अभियोग र लामो समयसम्म थुनामा राखिने धम्की दिईएको थियो।

FPIC तथा अधिकार मञ्च (Rights Forum)का सचिव चन्द्र बहादुर मिश्र भन्नुहुन्छ, " NEA ले हाम्रो अधिकारलाई सम्मान गरी आफ्ना गल्तीहरु सुधार्नुको सट्टा प्रशारण लाईनको निर्माण अगाडी बढाउनका लागि हिंसा र सुरक्षाकर्मी परिचालन गर्न हिच्किचाएको छैन। यस परियोजनालाई लागू गर्नका लागि प्रभावित समुदायविरुद्ध जबरजस्ती, धम्की, हैरानी एवं थुनामा राख्नेजस्ता कार्य तुरुन्तै बन्द गर्नुपर्दछ।"

EIB र EIB-CM समक्ष रिपोर्ट गरिएको यस प्रतिहिंसाको घटना पहिलो होईन। सन् २०२१ डिसेम्बरमा NEA का पदाधिकारीहरुसँगसँगै एक दर्जन प्रहरी अधिकारीहरु बाँझाखेत गाउँका समुदायमा आई यदि उक्त समुदायले आफ्नो विमतिबारे आवाज उठाउन नछोडे प्रहरी परिचालन गर्ने धम्की दिएका थिए। उक्त घटनाबारे रिपोर्ट भएको चार महिनासम्म पनि त्यस्तो प्रतिहिंसाउपर EIB गरेको जाँचबुझको नतिजा सार्वजनिक गरेको छैन। जबकी उक्त स्थानमा हिंसाले तीव्र रुप लिईरहेको छ। नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (LAHURNIP) र Accountability Counsel जस्ता समुदायका सल्लाहकारहरुले EIB र EIB-CM लाई NEA का पछिल्ला मानव अधिकार उल्लङ्घनका ढाँचाबारे बारम्बार सुझाव दिएका छन् जुन हालको समयमा सोही ढङ्गबाट भयानक रुपमा सञ्चालनमा रहेको छ।

LAHURNIP की दुर्गा याम्फू भन्नुहुन्छ, "समुदायका सदस्यहरुमाथि भईरहेको प्रतिहिंसाबारे चुस्त ढङ्गबाट अनुसन्धान नगर्ने EIB को मौनता र उदासिनतालाई प्रभावित समुदायका ईच्छाविपरीत स्थानीय स्तरमा विकास परियोजना अगाडी बढाउनका लागि गरेको सुरक्षा फौजको परिचालनलाई अनुमोदन गरिएको भनी व्याख्या भईरहेको छ।"

EIB-CM को नीतिले उजुरी दर्ता गर्ने व्यक्तिमाथि गरिने प्रतिशोधका कार्यहरुलाप प्रतिबन्ध गरेको छ भने सन् २०२२ अप्रिलमा EIB-CM ले एक अद्यावधिक नीति दस्तावेज प्रकाशित गरेको छ जसमा "उजुरीकर्ताहरुमाथि हुनसक्ने सम्भावित प्रतिशोधका खतरालाई रोक्न तीनको सम्बोधन गर्नका लागि कदम चाल्ने" सम्बन्धी आफ्नो प्रतिवद्धता दोहोर्याएको छ।

Accountability Counsel की Sutharee Wannasiri भन्नुहुन्छ, " जब EIB द्वारा सहायता प्राप्त कुनै परियोजनाले मानव अधिकारको उल्लङ्घनमा योगदान पुर्याउँछ, तब बैंकउपर त्यस्ता हानीलाई सम्बोधन गर्ने एवं उपचारमा पहुँच दिने जिम्मेवारी रहन्छ। हामी साक्षी रहेका यस घटनामा प्रतिशोधका घटनाहरुउपर प्रतिकृया दिन

चुक्नुले समुदायविरुद्ध हुने आक्रमणलाई बढावा दिनेछ भने सीमान्तकृत जनसङ्ख्याविरुद्ध हुने भेदभावलाई चिरस्थायी बनाउँदछ।

FPIC तथा अधिकार मञ्च (Rights Forum), LAHURNIP, र Accountability Counsel EIB लाई प्रभावित समुदायका आवाज र चासोको सुन्न एवं दुर्व्यवहारका घटनाहरुलाई सम्बोधन गर्ने कार्यको नेतृत्व लिनका लागि आग्रह गर्दछ। यदि EIB ले आफ्नो गुनासो सुन्ने संयन्त्रमा सहभागी हुने व्यक्तिहरुको सुरक्षालाई सुनिश्चित गर्न सक्दैन र आफू स्वयंले पालना गरेका नीतिहरुलाई सुनिश्चित गर्न सक्दैन भने एक जिम्मेवार लगानीकर्ता का रुपमा आफूलाई गरेको दावीप्रति प्रश्नचिन्ह खडा हुनेछ। यसले परियोजनाको कार्यान्वयनकर्ताहरुलाई पनि EIB बाट सहायता प्राप्त गर्दा वातावरणीय एवं सामाजिम जिम्मेवारीका सम्बन्धमा जाहेर गरेको प्रतिवद्धतालाई ध्यान दिनु आवश्यक छैन भन्ने खालको खतरनाक संकेत प्रवाह गर्दछ। यसका साथै, मानव अधिकार एवं वातावरणीय अधिकार जोखिममा परेका समुदायका सदस्यहरुले त्यसको परिणाम भोग्नुपर्दछ।

प्रभावित समुदायका सदस्यहरुको अतिरिक्त प्रेस वक्तव्य अंग्रेजी र नेपालीमा हेर्नुहोस्।